अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ०३ मितिः २०८०/०१/२०

**भाग- २**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको जेहेन्दार छात्रबृत्ति बितरण कार्यविधि, २०८० वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# जेहेन्दार छात्रबृत्ति बितरण

## कार्यविधि, २०८०

**गाउँपालिका स्वीकृत मिति २०८०।०१।२०**

**प्रमाणिकरण मिति २०८०।०१।२०**

**अजिरकोट गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**भच्चेक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

अजिरकोट गाउँ कार्यपालिकाबाट मिति २०८० बैशाख २० गते स्वीकृत भएको यस अनुसारको अजिरकोट गाउँपालिकाको जेहेन्दार छात्रबृत्ति बितरण कार्यविधि, २०८० अजिरकोट गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४ को नियम ४ (१) बमोजिम प्रमाणिकरण गर्दछु ।

नवराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०।०१।२०

# अजिरकोट गाउँपालिकाको अजिरकोट जेहेन्दार छात्रबृत्ति बितरण कार्यबिधि,२०८०

**प्रमाणीकरण र प्रकाशन मितिः २०८०।०१।२०**

अजिरकोट गाउँपालिकामा बिज्ञान विषयमा माध्यमिक तह उतिर्ण र प्राबिधिक धार तर्फ डिप्लोमा उतिर्ण गरेका दक्ष जनशक्ति उत्पादन गर्ने र अजिरकोट गाउँपालिका भित्र बिज्ञान विषय कक्षा ११-१२ साथै प्राबिधिक धार तर्फ डिप्लोमा तह सञ्चालित सामुदायिक विद्यालय तहका शैक्षिक संस्थाहरुलाई सम्बर्धन गर्न गरिब तथा जेहेन्दार विद्यार्थिलाई अजिरकोट गाउँपालिका भित्र सञ्चालित त्यस्ता विद्यालयहरुमा अध्ययन गर्नका लागि छात्रबृत्ति प्रदान गर्न साथै अजिरकोट गाउँपालिका भित्रका जेहेन्दार विद्यार्थीहरुलाई गोरखा जिल्ला भित्रको सरकारी क्याम्पसहरुमा उच्च शिक्षा हासिल गर्ने वाताबरण सहज बनाउँदै अपाङ्गता भएका ब्यक्तिहरुको उच्च शिक्षामा पहुँच सुनिश्चित गर्दै एम.बि.बि.एस. तथा बि.ई. जस्ता प्राबिधिक विषयहरुमा अजिरकोट बासी जेहेन्दार विद्यार्थीहरुको पहुँच शुनिस्चित गर्ने उदेस्यले विद्यार्थीहरुलाई छात्रबृत्ति उपलब्ध गराउनु बान्छनिय देखिएकाले सो प्रक्रियालाई सहज , सरल र ब्यवस्थित बनाउन स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यबिधि तयार गरी लागु गरिएको छ।

## परिच्छेद - १
### प्रारम्धिक

**१, संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यबिधिको नाम "अजिरकोट जेहेन्दार छात्रबृत्ति बितरण कार्यबिधि २०७७" रहेको छ।

(२) यो कार्यबिधि अजिरकोट गाउँपालिका भर लागु हुने छ।

(३) यो कार्यर्बिधि तुरुन्त लागु हुने छ।

**२, परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यर्बिधिमा**

क, "कार्यपालिका" भन्नाले अजिरकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ख, "अध्यक्ष" भन्नाले अजिरकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ग, "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

घ, "शिक्षा शाखा" भन्नाले अजिरकोट गाउँपालिकाको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्दछ।

ङ, "शिक्षा प्रमुख" भन्नाले अजिरकोट गाउँपालिकाको शिक्षा शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

च, "बिज्ञान विषय" भन्नाले कक्षा ११-१२ मा अध्यापन गराइने बिज्ञान विषय समुहलाई सम्झनु पर्दछ।

छ, "डिप्लोमा" भन्नाले प्राबिधिक धार तर्फ डिप्लोमा तहको जुनसुकै कोर्सलाई सम्झनु पर्दछ।

ज, "सिटिईभिटि" भन्नाले प्रबिधिक शिक्षा तथा ब्याबसायिक तालिम परिषदलाई सम्झनु पर्दछ।

झ, "सामुदायिक विद्यालय" भन्नाले स्थानिय तह वा ब्यवस्थापन समितिले जिम्मा लिएको विद्यालयलाई सम्झनु पर्दछ।

ञ, "माध्यमिक विद्यालय" भन्नाले कक्षा १२ सम्म सञ्चालित सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ।

ट, "एम.बि.बि.एस." भन्नाले Bachelor of Medicine, Bachelor of Surgery सम्झनु पर्दछ।

ठ, बि.ई. भन्नाले Bachelor in Engineering सम्झनु पर्दछ।

# परिच्छेद- २

## छात्रबृत्ति प्रदान गर्ने विषय र आवश्यक न्युनतम योग्यता

**३ यो कार्यबिधि अन्तर्गत तपसिल बमोजिमको विषयहरु अध्ययन गर्न छात्रबृत्ति प्रदान गर्न सकिनेछः**

(१), अपाङ्गता भएका ब्यक्तिहरुको लागि उच्च शिक्षा अध्ययन गर्न।

(२) साधारण तर्फ कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन गर्न।

(३) प्राबिधिक धार तर्फ जुनसुकै विषयमा डिप्लोमा अध्ययन गर्न।

(४) गोरखा जिल्ला भित्रको सरकारी क्यम्पसमा जुन सुकै विषयमा स्नातक तहमा अध्ययन गर्न।

(५) सिभिल ईन्जिनियरिङमा स्नाताक तह अध्ययन गर्न।

(६) चिकित्सा शास्त्र तर्फ एम.बि.बि.एस. अध्ययन गर्न।

**४, छात्रबृत्ति प्राप्त गर्न आवश्यक न्युनतम शैक्षिक योग्यता र मापदण्ड देहाय बमोजिम हुनुपर्ने छ।**

(१) सिटिईभिटि र राष्ट्रिय परिक्षा बोर्डले भर्नाको लागि तोकेको न्यूनतम मापदण्ड पुरा गरेको हुनु पर्नेछ।

(२) एस.एल.सि परीक्षामा कम्तिमा ५०% अङ्क ल्याएको वा एस.ई.ई. परिक्षामा कम्तिमा GPA 2.0 प्राप्त गरेको हुनु पर्ने छ।

(३) दफा ४(१) मा जुनसुकै ब्यवस्था भएता पनि छात्रबृत्तिको लागि लिइने प्रबेश परिक्षामा ५०% अङ्क प्राप्त गरेको हुनु पर्ने छ।

(४) प्रबेश परिक्षाको पुर्णाङ्क १०० र एस.एल.सि. वा एस.ई.ई. को मार्कसिटलाई २० अङ्क दिइनेछ । मार्कसिटमा प्राप्त हुने अङ्क भार अनुसुची ३ बमोजिम हुनेछ।

(५) विद्यार्थिले प्राप्त गरेको अङ्क बराबर भएमा बिज्ञान र हाल सञ्चालित ईन्जिनियरिङ विषयको हकमा विद्यार्थिले एस.एल.सि. वा एस.ई.ई. मा बिज्ञान र गणित विषयमा प्राप्त गरेको अङ्कलाई आधार बनाइनेछ।

(६) गोरखा जिल्ला भित्र छात्रबृती लिइ उच्च शिक्षा (साधारण) अध्ययन गर्न +२/ कक्षा १२ मा ६०%/२.४ GPA प्राप्त गरेको हुनू पर्ने छ।

(७) एम.बि.बि.एस. तथा बि.ई. अध्ययनको लागि विश्वविद्यालय स्तरमा लिइएको प्रबेश परीक्षामा उत्तीर्ण भएको हुनू पर्ने छ।

(८), गरिब तथा जेहेन्दार हुनु पर्नेछ ।

)९) यस कार्यबिधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अजिरकोट गाउँपालिका स्थायी ठेगाना भएको हुनु पर्नेछ र अपाङ्गता भएका ब्यक्तिहरुको हकमा माथि उल्लेखित विषय अध्ययन गर्न कुनै पनि शर्त बन्देज लाग्ने छेन।

(१०) अपाङ्गता भएका ब्यक्तिहरुको हकमा सरकारी क्याम्पस अनिबार्य र एक पटक छात्रबृत्ति प्राप्त गरे पछी नदोहोरिने बाहेकका अन्य दफा ९ बमोजिम हुनेछ।

(११), अजिरकोट गाउँपालिकाको स्थायी बासिन्दा हुनु पर्ने छ।

# परिच्छेद -३

## छात्रबृत्ति निर्धारण

**५, छात्रबृत्ति निर्धारण देहाय बमोजिम गरिने छ।**

(१), अजिरकोट गाउँपालिका गाउँकार्यपालिकाले अजिरकोट गाउँपालिका भित्र सन्चालित शैक्षिक कार्यक्रमका लागि छात्रबृत्ति कोटा निर्धारण गर्नेछ।

(२), गोरखा जिल्ला भित्रको सरकारी क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरुको लागि अजिरकोट गाउँपालिका भित्र बिनियोजित छात्रबृत्ति रकमको २०% नबढ्ने गरि रकम बिनियोजन गरी विद्यार्थी संख्या र छात्रबृत्ति रकम कार्यपालिकाले निर्धारण गर्नेछ।

(३), एम.बि.बि.एस. र बि.ई. को हकमा आवश्यकता अनुसार कार्यपालिकाले निर्धारण गर्नेछ।

(४) अपाङ्गता भएका ब्यक्तिहरुको लागी शैक्षिक कार्यक्रमको प्रकृति हेरि एकमुष्ट बार्षिक छात्रबृत्ति रकम निर्धारण गर्नेछ।

# परिच्छेद -४

## सहभागी छनोट र छात्रबृत्ति वितरण

**६, छात्रबृत्ति प्राप्त गर्ने छात्र/छात्राको छनोट देहाय बमोजिम गरिने छ।**

(१), शिक्षा शाखाले " अजिरकोट जेहेन्दार छात्रबृत्ति" कार्यक्रममा सहभागि हुन आबेदन माग गरि १५ दिने अबधिको सुचना प्रकाशित गर्नु पर्ने छ।

(२), विद्यार्थिहरुले सो अबधिमा अनुसुची १ बमोजिमको फारम भरी शिक्षा शाखामा पेश गर्नु पर्ने छ।

(३), सुचनाको अबधि सकिएको १० देखी १५ दिन भित्र शिक्षा शाखाले परीक्षा सञ्चालन गर्नु पर्ने छ र सो को जानकारी  सुचना मार्फत प्रत्यक सहभागिलाई गराउनु पर्ने छ।

(४), दफा ५(३) बमोजिमको परीक्षामा ५०% भन्दा माथि अक ल्याउने सहभागि मध्ये योग्यता क्रमका आधारमा कार्यपालिकाले तोके बमोजिमको कोटा अनुसार विद्यार्थी छनोट गरी नतिजा प्रकाशित गरिने छ।

(५) शिक्षा शाखाले सूचना प्रकाशित गरि गोरखा जिल्ला भरिको सरकारी क्याम्पसमा धभ्ययन गर्ने विद्यार्थीहरुबाट निबेदन माग गर्ने र प्राप्त निबेदन माथी आवश्यक छानबिन गरि छात्रबृत्ति बितरण प्रक्रिया अघि बढाउनेछ।

(६) एम.बि.बि.एस. र बि.ई. को हकमा सम्बन्धित विश्वविद्यालयले लिएको प्रबेश परीक्षा उत्तिर्ण गरी तोकिएको शैक्षिक संस्थामा भर्ना भएको रसिद र प्रेबश परीक्षाको प्रेबश पत्र अनिबार्य पेश गर्नु पर्नेछ।

(७), प्राबिधिक धार तर्फ छात्रबृत्ति प्राप्त गर्ने विद्यार्थिले अध्ययन पश्चात कम्तिमा ६ महिनाको लागि नेपाल सरकारले तोकेको तलब स्केलको ४०% (नघट्ने गरी) सेवा सुबिधा पाउने गरी करारमा काम गर्ने गरि अनुसुची २ बमोजिमको सम्झौता गर्नु पर्नेछ।

**७, विद्यार्थिहरुले प्राप्त गरेको छात्रबृत्ति देहाय बमोजिम निकासा गरिनेछः**

(१), विद्यालयले छनोट भएका विद्यार्थिहरुको नाममा आवश्यक कागजात सहित (भरपाई) शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

(२) एम.बि.बि.एस. र बि.ई. को हकमा छनोट भएका विद्यार्थीहरुले सम्बन्धित शैक्षिक संस्था र सम्बन्धित वडा कार्यालयको सिफारस सहित शैक्षिक संस्थामा रकम तिरेको रसिद शिक्षा शाखामा बुझाउनु पर्नेछ।

(३), दोस्रो वर्ष र दोस्रो सेमेस्टर वा सो भन्दा पछिल्लो सेमेस्टरको लागि कागजात पेश गर्दा अघिल्लो वर्ष वा सेमेस्टरको मार्कसिट वा लेजर अनिबार्य रुपमा पेश गर्नु पर्नेछ।

(४), यो कार्यबिधि लागु हुनु भन्दा अगाडी छात्रबृत्तिका लागि छनोट भइ अध्ययन गरि रहेका विद्यार्थीहरुको शैक्षिक कार्यक्रम अबधि भरिको धरौटि बाहेकको शुल्क गाउँपालिकाले ब्यहोर्ने छ।

(५), दफा ७ (१ र २) बमोजिम प्राप्त कागजात शिक्षा शाखाले एकिन गरि लेखा शाखा मार्फत सम्बन्धित विद्यालयको खातामा र एम.बि.बि.एस. र बि.ई. को हकमा सम्बन्धित विद्यार्थीको खातामा छात्रबृत्ति रकम निकासा गरिनेछ।

# परिच्छेद-५

## छाबृतिको निरन्तरता र कटौती

**८, छनोट भएका विद्यार्थिहरुको छात्रबृत्ति देहायको अवस्थामा शैक्षिक कार्यक्रम अबधि भरी निरन्तर रहिरहनेछः**

(१), शैक्षिक कार्यक्रमको बोर्ड परीक्षमा प्रत्यक विषयमा 'C' वा सो भन्दा माथिको ग्रेड प्राप्त गर्दा सम्म।

(२), परीक्षमा सहभागी हुन नसक्ने गरि बिरामी भएको भनि चिकित्सकको सिफारिस र प्रमाण ल्याएमा वा अन्य कुनै अप्रिय भैपरी आउने घटनाका कारण परीक्षामा सहभागि हुन नसकेको भनि विद्यालयको सिफारिस र प्रमाण पेश गरेमा।

**९, देहायका अवस्थामा विद्यार्थीहरुले प्राप्त गरेको छात्रबृत्ति कटौती वा रोक्का हुनेछः**

(१), बिज्ञान विषयमा पहिलो वार्षिक परीक्षमा १ विषयमा 'D' भन्दा तलको ग्रेड ल्याएमा त्यस्ता विद्यार्थिको छात्रबृत्ति ५०% कटौति हुनेछ।

(२), बिज्ञान विषयमा पहिलो वार्षिक परीक्षमा ३ वा सो भन्दा बढी विषयमा 'D' भन्दा तलको ग्रेड ल्याएमा त्यस्ता विद्यार्थिको छात्रबृत्ति पुर्ण रुपमा कटौति हुनेछ।

(३), प्राबिधिक धार तर्फ लगातार २ सेमेस्टर २ विषयमा ३०% भन्दा तलको ग्रेड ल्याएमा त्यस्ता विद्यार्थिको छात्रबृत्ति ५०% कटौति हुनेछ।

(४), प्राबिधिक धार तर्फ लगातार ३ सेमेस्टर ३ वा सो भन्दा बढी विषयमा ३०% भन्दा तलको ग्रेड ल्याएमा त्यस्ता विद्यार्थिको छात्रबृत्ति पुर्ण रुपमा कटौति हुनेछ।

(५), कुनै विद्यार्थिले शैक्षिक कार्यक्रमको बिचमानै विद्यालय छाडेमा बाँकी अबधिको छात्रबृत्ति अरु विद्यार्थिलाई दिइने छैन।

(६), एम.बि.बि.एस. र बि.ई. को हकमा एकै सेमेस्टरमा ३ वा सो भन्दा बढी विषयमा अनुत्तिर्ण भएमा त्यस्ता विद्यार्थीको छात्रबृत्ति पुर्ण रुपमा कटौति हुनेछ।

(७), लगातार २ सेमेस्टर २/२ विषयमा अनुत्तिर्ण भएमा त्यस्ता विद्यार्थीहरुको छात्रबृत्ति ५०% काटिनेछ।

(८), गोरखा जिल्ला भित्रको सरकारी क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीको हकमा एक विषयमा अनुत्तिर्ण भएमा छात्रबृत्ति पुर्ण रुपमा कटौति हुनेछ।

(६), एक पटक काटिएको छात्रबृत्ति पुनः दिइने छैन।

# परिच्छेद-६

## संशोधन र खारेजी

१०, यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

११, यो कार्यबिधिको आवश्यकता महसुस नभएमा गाउँकार्यपालिकाले निर्णय गरि यसलाई खारेज गर्न सक्नेछ।

# परिच्छेद-७

## परीक्षा सम्बन्धी ब्यवस्था

"अजिरकोट जेहेन्दार छात्रबृत्ति" वितरण गर्न लिइने प्रबेश परीक्षा सञ्चालन गर्न देहाय बमोजिमको परीक्षा सञ्चालन समिति रहने छ।

| | | |
|---|---|---|
| शिक्षा अधिकृत | संयोजक | १ जना |
| बिज्ञान/गणित/अंग्रेजी विषय मध्ये १ जना | विषय बिज्ञ | १ जना |
| शिक्षा शाखाको कर्मचारी | प्रा.स. | १ जना |

# अनुसुची -१

## छात्रबृत्ति आबेदन फारम

मितिः- २०..... /..../....

प्रस्तुत विषयमा यस अजिरकोट गाउँपालिकाको वाड नं. ....स्थायी निबासी ......................................... को नाति/नातिनि .................................. को छोरा/छोरी म ................................ ले अजिरकोट गाउँपालिका बाट बितरण हुने अजिरकोट जेहेन्दार छात्रबृत्ति श्री .................................... विद्यालयमा .................... संकायको कक्षा ................................ अध्ययन गर्न सो छात्रबृत्ति पाउँ भनि यो निबेदन पेश गर्दछु।

निबेदकको

नाम थरः- ......................

दस्तखतः-

**संलगन गर्नु पर्ने कागजातहरुः**

१, एस.एल.सि वा एस.ई.ई. को मार्कसिटको प्रतिलिपि।

२, चारित्रिक प्रमाण पत्रको प्रतिलिपि।

३, जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि।

४, विद्यालयको सिफारिस पत्र ।

५ वडाको सिफारिस पत्र ।

# अनुसुची- २

# प्रतिबद्धता पत्र

मितिः- २०..... /..../....

यस अजिरकोट गाउँपालिकाको वाड नं. ....स्थायी निबासी ......................................... को नाति/नातिनि .................................. को छोरा/छोरी म ................................ ले गाउँपालिका बाट बितरण हुने अजिरकोट जेहेन्दार छात्रबृत्ति प्राप्त गरि श्री .................................... विद्यालयमा प्राबिधिक विषय अध्ययन गर्न पएकोमा अध्ययन समाप्ती पस्चात यस गाउँपालिकामा कम्तिमा ६ महिना तोकिए बमोजिम सेवा गर्ने प्रतिबद्धता जाहेर गर्दछु।

सहभागि

नाम थरः- ......................

दस्तखतः-

औंठाको छाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |

गाउँपालिका

दस्तखतः- ............................

नाम थरः-.............................

पदः- प्रमुख प्रशासकिय अधिकृत

# अनुसुची-३
## विद्यार्थीको मार्कसिटको अङ्कभार

| क्र.सं. | नतिजा | | अङ्कभार |
|---|---|---|---|
| | प्रतिशत | जि.पि.ए. | |
| १ | ९० देखि १००% सम्म | ३.६ देखि ४ सम्म | २० |
| २ | ८० देखि ८९.९९% सम्म | ३.२ देखि ३.५९ सम्म | १६ |
| ३ | ७० देखि ७९.९९% सम्म | २.८ देखि ३.१९ सम्म | १२ |
| ४ | ६० देखि ६९.९९% सम्म | २.४ देखि २.७९ सम्म | ८ |
| ५ | ५० देखि ५९.९९% सम्म | २.० देखि २.३९ सम्म | ४ |

अजिरकोट गाउँ कार्यपालिकाबाट मिति २०८० बैशाख २० गते स्वीकृत भएको यस अनुसारको अजिरकोट गाउँपालिकाको जेहेन्दार छात्रबृत्ति बितरण कार्यविधि, २०८० अजिरकोट गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४ को नियम ४ (१) बमोजिम प्रमाणिकरण गर्दछु ।

नवराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०।०१।२०